मिति: २०७८/०३/०६

श्री माननीय गृहमन्त्रीज्यू,
नेपाल सरकार, गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**बिषयः ध्यानाकर्षण सम्बन्धमा ।**

माननीय गृहमन्त्रीज्यू,

सर्वप्रथम यहाँले गृहमन्त्रीको रुपमा नेपाल सरकार, गृह मन्त्रालयको जिम्मेवारी बहन गर्नुभएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छौं ।

माननीय गृहमन्त्रीज्यू,

धुम्रपान तथा सूर्तिजन्य पदार्थ मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक छ । यसको सेवनले विश्वमा हरेक वर्ष ८० लाख भन्दा बढि मानिसहरुको मृत्यु हुने विश्व स्वास्थ्य संगठन (WHO) को तथ्याङ्कले देखाँउछ । सूर्तिजन्य पदार्थको सेवनका कारण हुने मृत्यु मध्ये ८० प्रतिशत मृत्यु न्यून तथा मध्यम आय भएका मुलुकहरुमा हुने गर्दछ ।

विश्वमा झै नेपालमा पनि धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग महामारीको रुपमा देखा परेको छ । हाल नेपालमा कुल जनसंख्याको झण्डै २९ प्रतिशत मानिस धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन गर्दछन भन्ने नेपाल स्वास्थ्य अनुसन्धान परिषदको सर्वेक्षण २०१९ ले बताउँछ । सूर्तिजन्य पदार्थको सेवनबाट नेपालमा हरेक वर्ष २७ हजार एक सय व्यक्तिहरुको अल्पआयुमै मृत्यु हुन्छ । जुन नेपालमा हुने कुल मृत्युको झण्डै १५ प्रतिशत रहेको छ । यस्ता प्राणघातक पदार्थहरुको सेवनबाट हुने रोगको उपचारका लागि प्रत्येक वर्ष झण्डै ४७ अर्ब रुपैया नोक्सान भैरहेको छ जुन कुल ग्राहस्थ उत्पादनको १ प्रतिशत भन्दा बढि हुन आउछ । सूर्तिजन्य पदार्थको प्रयोगबाट हुने मृत्यु र आर्थिक नोक्सानी रोक्न सकिन्छ तर यसका लागि सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेका ऐन, नियमावली र निर्देशिकाको अक्षरशः परिपालन गर्न गराउन र नगरे कानून बमोजिम कारवाही गर्नु महत्वपूर्ण हुन्छ ।

नेपालमा प्रमुख नसर्ने रोगहरु जस्तै क्यान्सर, हृदयघात, मृगौलारोग, दम, मधुमेह तथा उच्च रक्तचाप आदि रोगहरुको प्रमुख कारण सूर्तिजन्य पदार्थको सेवन हो भन्ने विश्व स्वास्थ्य संगठन (WHO) ले देखाएको छ । यी रोगहरुबाट बचाउन सूर्तिजन्य पदार्थको न्यूनिकरण, नियन्त्रण तथा नियमन गरि जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित अभिबृद्धि गर्न नेपाल सरकारले तपशिलका सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, नियमावली तथा निर्देशिका बनाई लागु गरिसकेको छ ।

- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८
- सूर्तिजन्य पदार्थको बट्टा प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१
- सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१
- फुटकररुपमा चुरोट बिँडी वा सिगारको खिल्ली बिक्रि वितरण गर्न नपाउने नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२/१०/१० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना

माथि उल्लेखित ऐन, नियमावली तथा निर्देशिका आफैमा उत्कृष्ट रहे पनि उक्त कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा सूर्तिजन्य पदार्थको रोकथाम र नियन्त्रण अपेक्षित रुपमा हुन सकेको छैन ।

नेपाल अहिले कोरोना भाइरस संक्रमणको दोस्रो लहरबाट आक्रान्त छ । नेपाल सरकारले कोरोना नियन्त्रण तथा रोकथामका लागि विभिन्न प्रयास गर्दै आए पनि कोरोना संक्रमणको तीब्र बृद्धिले नेपालको विद्यमान स्वास्थ्य प्रणाली अस्तव्यस्त बनेको छ । यो लहरले नेपालको जनस्वास्थ्यका साथै आर्थिक, शैक्षिक, सामाजिक लगायत सबै क्षेत्रमा व्यापक र गम्भीर प्रभाव पार्दै आईरहेको छ । यसैबीच विश्व स्वास्थ्य संगठन (WHO) लगायत विभिन्न देशमा भएका अध्ययन तथा अनुसन्धानहरुले धुम्रपान तथा सूर्तिजन्य पदार्थ प्रयोगकर्ताहरुमा कोभिड -१९ को जोखिम बढि हुने तथ्य पुष्टि गरिसकेका छन् । साथै ती अध्ययनहरुका अनुसार सूर्तिजन्य पदार्थले नसर्ने रोग निम्त्याउने, नसर्ने रोग लागेका मान्छेहरुमा कोभिड -१९ को संक्रमणको जोखिम उच्च हुने, संक्रमित भैसकेपछि सघन उपचार तथा भेन्टिलेटरको आवश्यकता पर्ने र अन्तमा मृत्यु दर पनि बढि हुने निष्कर्ष निकालेका छन् । त्यसर्थ कोभिड -१९ को संक्रमणबाट हुने जोखिम तथा नोक्सानी कम गर्न पनि धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग न्यूनिकरण  गर्न आवश्यक छ । तर झण्डै १० बर्ष अघि बनेका सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कानूनहरु अझै पनि प्रभावकारीरुपमा कार्यान्वयन नहुँदा उक्त कानूनहरुको कार्यान्वयन गर्ने सरकारी निकायहरु नै कतै सूर्ति उद्योगहरुको प्रभावमा त परेका छैनन् भन्ने प्रशस्त आधारहरु खडा भएका छन् । उक्त कानूनहरुको कार्यान्वयन नभएका केहि बुँदाहरु तपशिल बमोजिम छन् ।

**सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) कानूनको कार्यान्वयन नभएका केहि बुँदाहरु**

| क.सं. | ऐन, नियमावली र निर्देशिका | कानूनमा के छ ? | कार्यान्वयन भए/नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र राख्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ | दफा ३ को उपदफा १ अनुसार उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा,-र्‍यापर्स, प्याकेट तथा पार्सलको  प्याकेजिङ्ग र लेबलको बाहिरी कुल भाग मध्ये कम्तिमा ९० प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछभनि स्पष्ट उल्लेख गरिएको छ । | नभएको | केहि विदेशी चुरोट कम्पनीहरुले निर्देशिका अनुसार ९० प्रतिशत चित्र छापे पनि नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा.लि. ले उक्त निर्देशिकाको ठाडै उल्लघन गर्दै आईरहेको छ ।<br><br>**अनुसूचि १:** |
| २ | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | दफा ४ को उपदफा १ मा कसैले पनि सार्वजनिक स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन भनि उल्लेख गरिएको छ । | नभएको | अहिले पनि सार्वजनिक स्थानहरुमा धुम्रपान र सूर्ति सेवन खुल्ला रुपमा गरिरहेको पाईएको छ ।<br><br>**अनुसूचि २:** |

| क.सं. | ऐन, नियमावली र निर्देशिका | कानूनमा के छ ? | कार्यान्वयन भए/नभएका | कैफियत |
|---|---|---|---|---|
| | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | दफा ११को उपदफा (१) अनुसार कसैले पनि १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा नि:शुल्क उपलब्ध गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । | नभएको | अझै पनि जो कोहिले निर्बाधरुपमा सजिलै चुरोट तथा सूर्तिजन्य पदार्थ किन्ने गरेको पाईएको छ । |
| | | दफा ११ को उपदफा ३ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । | नभएको | अझै पनि उल्लेख गरिएका सार्वजनिक स्थानहरुमा एक सय मिटर भित्र बिक्रि बितरण गर्ने गरेको पाईएको छ ।<br><br>**अनुसूचि ३:** |
| | | दफा ११ को उपदफा ४ अनुसार कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल राजपत्रमा स्पष्ट उल्लेख गरिएको छ । | नभएको | अझै फुटकर रुपमा खिल्ली बिक्रि वितरण गरेको पाईएको छ ।<br><br>**अनुसूचि ४:** |
| ३ | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ | नियम ७ मा उत्पादकले कम्तिमा २० खिल्ली अटाउने गरि चुरोट वा बिडीको प्याकेट वा बट्टा तयार गर्नु पर्नेछ भनि स्पष्ट उल्लेख गरिएको छ । | नभएको | अझै पनि केहि चुरोट उत्पादक कम्पनीहरुले १० खिल्ली चुरोट भएको बट्टा उत्पादन गरि बिक्रि वितरण गरिरहेका छन् ।<br><br>**अनुसूचि ५:** |
| ४ | सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) निर्देशिका, २०७१ | दफा २० को उपदफा ६ का अनुसार सार्वजनिक निकायका पदाधिकारीहरुले सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्ने लगायतका कुनै पनि गतिबिधि वा कार्यक्रममा सूर्ति उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्वीकार गर्नु हुदैन भनि उल्लेख गरेको छ । साथै दफा २२ को उपदफा १ अनुसार सरकारी वा गैरसरकारी वा नीजि क्षेत्रबाट संञ्चालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्सङ्ग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राविधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । | नभएको | नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा.लि. ले उक्त कानूनी व्यवस्थाको ठाडो उल्लंघन गर्दै समय समयमा संस्थागत सामाजिक उत्तरदायित्वका नाममा विभिन्न प्रकारका सहयोग, अनुदान तथा चन्दा दिदै आईरहेको छ । र यस्ता सहयोग तथा अनुदानलाई सरकारी पदाधिकारीहरुले स्वीकार गर्दै आईरहेका छन । <br><br>**अनुसूचि ६:** |

माननीय गृह मन्त्रीज्यू,

यहाँले २०७१ सालमा स्वास्थ्यमन्त्रीको जिम्मेबारी बहन गरि छोटो समयमा जनस्वास्थ्यको क्षेत्रमा गर्नु भएको उत्कृष्ट काम तथा उपलब्धिको सम्पूर्ण नेपालीले उच्च प्रशंसा गर्दै आईरहेका छन् । हामीलाई अवगतै छ, *सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८* को दफा ९ र दफा २७ तथा *सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८* को नियम ९ मा चेतावनीमूलक संन्देश र संकेत चिन्ह थप वा परिवर्तन गर्ने कार्यविधि र नियम २३ मा निर्देशिका बनाउन सक्ने प्रावधानको अधिनमा रहि यहाँकै नेतृत्वमा २०७१ कार्तिक १३ मा सूर्तिजन्य पदार्थको बट्टा प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ जारि गरिएको थियो । सोही निर्देशिका अनुसार सूर्तिजन्य पदार्थको बट्टाको कम्तीमा ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र रंगीन चित्र छाप्नु पर्ने व्यवस्था लागु गरेकोमा सन् २०१५ मा विश्वकै प्रतिष्ठित ब्लुम्वर्ग फिलान्थ्रोपिक अवार्ड स्वरुप नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १ लाख डलर प्राप्त गरि नेपाललाई विश्व मञ्चमा चिनाई सारा नेपालीहरुलाई गौरवान्वित बनाउनु भएको थियो ।

तर दुर्भाग्यवस, मिति २०७२ जेठ १ गते देखि लागु हुनुपर्ने सो निर्देशिका अहिलेसम्म पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन । केहि विदेशी चुरोट कम्पनीहरु जस्तै: मार्लबोरो, क्यामल, DJARUM BLACK र स्वदेशमै उत्पादित विन्स्टन, चुरोटले उक्त निर्देशिका अनुसार ९० प्रतिशत चित्र छापे पनि नेपालकै सबैभन्दा ठूलो चुरोट उद्योग सूर्य नेपाल प्रा.लि. ले आफ्ना उत्पादनहरुलाई उक्त निर्देशिका विपरित बजारमा विक्री वितरण गर्दै आईरहेको छ ।

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१०/१० को निर्णयले ७७ वटै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीहरु र ७५३ वटै स्थानिय निकायका प्रमुख प्रशासकीय अधिकृतहरुलाई सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने अधिकारी तोकिएको हुँदा माननिय मन्त्रिज्यूको मन्त्रालय मातहतका सबै जिल्ला प्रशासन कार्यालयहरु तथा सम्बन्धित निकायहरु (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालय) लाई सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, नियमावली तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन, तथा सूर्तिजन्य पदार्थको बट्टा प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ अनुसार ९० प्रतिशत चित्र अंकित चेतावनीमूलक सन्देश नभएका तथा कानून विपरित विक्री वितरण हुँदै आएका उत्पादनहरुको तत्काल बजार अनुगमन गरि जफत गर्न तथा त्यस्ता उत्पादनहरु उद्योगबाट बजारमा नल्याउन माननीय मन्त्रिज्यूबाट निर्देशन हुन अनुरोध छ ।

......................
मोहित सिह ठगुन्ना
अनुसन्धान अधिकृत
एक्सन नेपाल

**बोधार्थ**
श्रीमान सचिवज्यू
नेपाल सरकार, गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**अनुसूचि १ः**

सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिडमा चेतावनीमूलक सन्देश र चित्र राख्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ को दफा ३ को उपदफा १ अनुसार उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा,-र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबलको बाहिरी कुल भाग मध्ये कम्तिमा ९० प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछभनि स्पष्ट उल्लेख गरिएको छ । तर **नेपालकै सबैभन्दा ठूलो उद्योग सूर्य नेपाल प्रा. लि. ले उक्त निर्देशिकाको ठाडै उल्लघन गर्दै आफ्ना उत्पादनहरु निर्वाधरुपमा बिक्री वितरण गर्दै आईरहेको छ।**

***सूर्य नेपालले प्रा.लि. ले अहिलेसम्म पनि आफ्ना उत्पादनहरुमा ९० प्रतिशत चेतावनीमूलक सन्देश तथा स्वास्थ्यमा पर्ने घातक प्रभाव देखिने रंगीन चित्र छापी लागु नगरका उत्पादनहरु ;***




















***केही विदेशी तथा स्वदेशी कम्पनीहरुले आफ्ना उत्पादनहरुमा ९० प्रतिशत चेतावनीमूलक सन्देश तथा स्वास्थ्यमा पर्ने घातक प्रभाव देखिने रंगीन चित्र छापी कार्यान्विनय गरिसकेका छन् ।***















**अनुसूचि २ः**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ४ को उपदफा १ मा कसैले पनि सार्वजनिक स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको भए पनि प्रभावकारी कार्यान्वयन भएको पाईएको छैन् ।




*फोटो : राष्ट्रिय ट्रमा सेन्टरको गेटमा बसि धुम्रपान गर्दै महिलाहरु ।*



*फोटो : बीर हस्पीटलको गेटमा बसि धुम्रपान गर्दै पुरुष ।*

**अनुसूचि ३ः**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटर भित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न गराउन पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । **तर अझै पनि यी माथि उल्लेख गरिएका स्थान वरपर सूर्तिजन्य पदार्थ बिक्रि बितरण गर्ने गरेको पाईएको छ ।**







***फोटो : बीर अस्पतालको गेटमा खैनी तथा चुरोट सजावट गरि बिक्रि गर्दै***

**अनुसूचि ४:**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ११ को उपदफा ४ अनुसार कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने भनि ***नेपाल राजपत्र भाग ५ मा माघ ११, २०७२*** नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको सूचना प्रकाशित गरिएको छ ।


खण्ड ६५ संख्या ४२ नेपाल राजपत्र भाग ५ मिति २०७२।१०।११

**भाग ५**


नेपाल सरकार

**स्वास्थ्य मन्त्रालयको सूचना**

नेपाल सरकारले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ११ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले
शान्त बहादुर श्रेष्ठ
नेपाल सरकारको सचिव

**तर व्यवहारमा प्रति खिल्ली मुल्य सुचि टासि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्ने गरेको पाईएको छ ।**







**अनुसूचि ५:**

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ७ मा उत्पादकले कम्तिमा २० खिल्ली अटाउने गरि चुरोट वा बिडीको प्याकेट वा बट्टा तयार गर्नु पर्नेछ भनि स्पष्ट उल्लेख गरिएको भएता पनि **अझै धेरैजसो चुरोट उत्पादक कम्पनीहरुले १० खिल्ली चुरोट भएको बट्टा उत्पादन गरि बिक्रि वितरण गरिरहेका छन् ।**



Surya Luxury Kings- *Red* (Mini Pack)




Shikhar Filter Kings (Mini Pack)



Surya Luxury Kings- *Blu* (Mini Pack)



**Khukuri** (Mini Pack)







## अनुसूचि ६:

सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) निर्देशिका, २०७१ को दफा २० को उपदफा ६ का अनुसार सार्वजनिक निकायका पदाधिकारीहरुले सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्ने लगायतका कुनै पनि गतिविधि वा कार्यक्रममा सूर्ति उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्वीकार गर्नु हुदैन भनि उल्लेख गरेको छ । साथै दफा २२ को उपदफा १ अनुसार सरकारी वा गैरसरकारी वा नीजि क्षेत्रबाट संञ्चालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्सङ्, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राविधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । तर सूर्य नेपाल प्रा.लि. ले सामाजिक उत्तरदायित्वको नाममा दिएको सहयोग, अनुदान तथा चन्दा सार्वजनिक निकायका पदाधिकारीहरुले स्वीकार गर्दै आईरहेका छन् ।

### नेपालमा सामाजिक उत्तरदायित्वको नाममा चुरोट कम्पनीको अवैध चलखेल

कल्पना आचार्य 337 Views




**कल्पना आचार्य \काठमाडौं :** नेपालमा यतिबेला कोरोना महामारीको फाइदा उठाउँदै चुरोट कम्पनीले सामाजिक उत्तरदायित्वको नाममा अवैधानिक काम गर्दै चलखेल गर्न थालेको पाइएको छ । यसरी चलखेल गर्ने नेपालमा सुर्तीजन्य पदार्थको बट्टामा ९० प्रतिशत चेतावनीमूलक चित्र छाप्न अटेरी गर्ने एक मात्र चुरोट कम्पनी सूर्य टोबाको हो । नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रणसम्बन्धी कानूनले प्रस्ट रुपमा सुर्ती कम्पनीले कुनै पनि बहानामा आफ्नो प्रभाव जमाउन अनुदान, चन्दा वा सहयोग भनेर दिन नपाइने व्यवस्था उल्लेख छ । तर पनि यही कानूनको खिल्ली उडाउँदै सुर्य टोबाको यति बेला सामाजिक उत्तरदायित्वको नाममा महामारीको मौका छोप्नमा व्यस्त देखिएको छ । नेपालमा कोरोना महामारी शुरु भएको यो एक वर्षमा सूर्य नेपाल जसको सबैभन्दा ठूलो उत्पादन नै चुरोट हो उक्त कम्पनीले सामाजिक उत्तरदायित्व भन्दै कानून विपरित यसरी सहयोगको नाममा वर्षेनी हजारौंको मृत्युको कारक बनेको चुरोटको विज्ञापन गरिरहेको छ ।

**घटना नं १**

गत असार ३० गते सूर्य नेपालले गण्डकी प्रदेशको कोरोना भाइरस नियन्त्रण तथा उपचार कोषलाई एक करोड सहयोग उपलब्ध गरायो । अचम्मको कुरा त सो प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ स्वयंलेले सगर्व उक्त रकम एक कार्यक्रमको आयोजना गरेर नै लिए भने सुर्ती कम्पनीको यो सहयोगको आभारी रहेको समेत जिकीर गरे। मुख्यमन्त्रीलाई यो कानूनको वारेमा साँच्चिकै थाहा नभएको हो वा चुरोट कम्पनीको प्रभावमा परे ठूलो प्रश्न खडा भएको छ ।

**घटना नं २**

सूर्य नेपालले कोरोना महामारीकै वीच वैशाख १० गते नेपाल मेडिकल काउन्सिलका अध्यक्ष समेत रहेका वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान कोइरालाले बनाउन लागेको बाल अस्पताल काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ' को भवन बनाउनका लागि ५ करोड सहयोग गर्ने भन्दै खुलेआम साइनिङ सेरोमनी नै राख्यो । यति मात्र हैन उक्त कार्यक्रममा नेपालमा ठूला भनिएका सबै मिडियालाई निम्तो पनि दिइएको थियो । डा भगवान कोइरालाले ५ करोड रुपैयाँ सहयोग लिए वापत सूर्य टोबाको कम्पनीको लोगो उक्त भवनमा राख्ने सहमती भएको थियो । यद्यपी यस विषयमा मिडिया र सूर्तीजन्य पदार्थ विरुद्धका अभियन्ताहरुको चर्को आलोचनापछि डा कोइराला विवादमा आउन नचाहेर आफै पछि हटे र उक्त सहयोग वापतको रकम

नलिने जनाए । यस विषयमा कुरा गर्दा उनले आफूलाई सामाजिक उत्तरदायित्व अन्तर्गत रकम लिन मिल्छ र उद्योग मन्त्रालयले पनि सुर्तीजन्य कम्पनीको केही प्रतिशत नाफा रकम सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्नपर्ने भनेकाले आफूले स्विकार गरेको गैर जिम्मेवार जफाफ दिए ।उनले पछि सरकारको जिम्मेवार व्यक्ति भएर सरकारको कानून विपरित सुर्ती कम्पनीको सहयोग स्विकारेको विषयलाई लिएर धेरै नै आलोचना समेत खेप्न परेको थियो ।

**घटना नं ३**

सुर्य टोबाकोले यति मै आफुलाई सिमीत राखेन । नेपालमा जब कोरोनाको दोस्रो लहर शुरु भयो र सबैतिर स्वास्थ्य सामग्री अभाव भइरहेको मौका छोपी त्यही बेला काठमाडौंका ठूला तीन सरकारी अस्पताललाई वैशाख ३१ गते स्वास्थ्य सामग्री सहयोग गर्यो । यहाँ पनि अचम्मको कुरा तीन वटै सरकारी अस्पतालका प्रमुखलाई उक्त सामान हस्तान्तरण गरिएको छ । ट्रमा सेन्टरका निर्देशक डा सन्तोष पौडेल, सिभिल अस्पतालका निर्देशक डा विधाननिधि पौडेल र त्रिवि शिक्षण अस्पतालका डा दिनेश कापर्ले आफैले उक्त सहयोग रकम लिएका थिए । यसरी हेर्दा उनीहरुले कुनै संकोच नै नमानीकन कार्यक्रम नै गरेर सहयोग लिएको देखिन्छ ।

**सुर्तीजन्य पदार्थ, नियन्त्रण र नियमन गर्ने ऐन २०६८ को दफा १० ले सुर्तीजन्य उद्योगले कुनै पनि प्रकारको विज्ञापन तथा प्रायोजन गर्न नपाउने व्यवस्था गरेको छ । सोही ऐन बमोजिम जारी भएको नियमावली २०६८ को नियम २३ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशका २०७१ जारी गरेको थियो । उक्त निर्देशकाको परिच्छेद ३ को दफा २० को उपदफा ६ मा सार्वजनिक निकायका पदाधिकारीले सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने लगायतका कुनै गतिविधि वा कार्यक्रममा सुर्ती उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्विकार गर्नु हुदैन भन्ने उल्लेख छ । साथै सोही परिच्छेदको दफा २२, संस्थागत समाजिक उत्तरदायित्व नाममा काम गर्न नपाइने शिर्षकको उपदफा १ मा सरकारी वा गैरसरकारी वा निजी क्षेत्रबाट संचालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्संग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राविधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउने छैन भन्ने स्पष्ट कानुनी व्यवस्था छ ।**

संकटका बेला आएको सहयोग भनेर उनीहरुले जानेर नै उक्त सहयोग रकम लिए की सुर्ती कम्पनीको सहयोग लिन नमिल्ने कानून छ भन्ने कुरा थाहा पाएनन् यो महत्वपूर्ण छ । यसले दुईटा प्रश्न उब्जाएको छ । पहिलो उनीहरुलाई कानून बारे थाहा छैन् अर्को कुरा उनीहरु सुर्ती कम्पनीको प्रभावमा परे अझ भनुँ सुर्ती कम्पनी उनीहरुलाई प्रभावमा पार्न सफल भयो । सातै प्रदेशलाई कोरोना विरुद्ध लड्न १\ १ करोड दिने घोषणा गरेको सूर्य नेपालले उक्त चेक मुख्य मन्त्रीकै हातमा दिइरहेको छ । यसले पनि के प्रस्ट हुन्छ भने सूर्य नेपाल सरकारका उच्च पदाधिकारीलाई नै प्रभावमा पार्न चाहन्छ ।

**नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रणसम्बन्धी कानूनले प्रस्ट रुपमा सुर्ती कम्पनीले कुनै पनि बहानामा आफ्नो प्रभाव जमाउन अनुदान, चन्दा वा सहयोग भनेर दिन नपाइने व्यवस्था उल्लेख छ । तर पनि यही कानूनको खिल्ली उडाउँदै सुर्य टोबाको यति बेला सामाजिक उत्तरदायित्वको नाममा महामारीको मौका छोप्नमा व्यस्त देखिएको छ । नेपालमा कोरोना महामारी शुरु भएको यो एक वर्षमा सूर्य नेपाल जसको सबैभन्दा ठूलो उत्पादन नै चुरोट हो उक्त कम्पनीले सामाजिक उत्तरदायित्व भन्दै कानून विपरित यसरी सहयोगको नाममा वर्षेनी हजारौंको मृत्युको कारक बनेको चुरोटको विज्ञापन गरिरहेको छ ।**

माथिका यी तीनवटा घटनाले के देखाउँछ भने सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी कानून यो महामारीका बेला सरकारी अधिकारीबाटै बढी उल्लंघन भइरहेको छ । यी त प्रतिनिधी घटना मात्रै हुन् यीबाहेक पनि स्थानीय तहमा गएर मास्क, सेनिटाइजर बाँड्नेदेखि एम्बुलेन्स दिने समेत काम यहीवीचमा सूर्य नेपालले गरिरहेको छ । कानूनमा लिन नपाइने भए पनि सरकारी कर्मचारीले नै यसरी सहयोग लिंदा कानूनको खिल्ली कानुन बनाउनेले नै उडाएको देखिन्छ ।

यस विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका कानूनका पूर्व उपसचिव पुष्कर नेपालले महामारीको बेला मौका छोपेर सूर्य नेपालले अवैध काम गरिरहेको जनाए । आफूले पनि मिडियाबाट सुर्ती कम्पनीले सहयोग गरेको समाचार पढेको भन्दै अचम्म त सरकारी पदाधिकारीले नै सहयोग लिनु विडम्बना भएको बताए । उनले चुरोट कम्पनीले कुनै पनि हालतमा यस्ता सामाजिक उत्तरदायित्वको नाममा चन्दा, सहयोग, उपहार दिन नमिल्ने स्पष्ट रुपमा कानूनमा उल्लेख भएको बताए । उनले यस्ता प्रमाणसहित अदालत गएमा उनीहरु कानूनी घेरामा आउने उनको भनाई छ । उनले कम्पनीले चुरोट बाहेक अरु पनि व्यवसाय गर्ने गरेको भन्दै झुक्याएको हुनसक्ने भन्दै कुनै पनि कम्पनीले सोही कम्पनी अन्तर्गत अन्य व्यवसाय गरेको भए पनि चुरोट कम्पनीकै रुपमा मानिने मापदण्ड रहेको समेत जिकीर गरे । त्यसैले सूर्य नेपालले मैले अरु व्यवसाय पनि गरेको छु भने सुर्य नेपालबाट कसैलाई सहयोग गर्नु भनेको चुरोट कम्पनीकै सहयोग ठहरिन्छ । त्यसैले यस्तो बदमासी गरेको भए उ आफै फस्ने उनको भनाई छ ।

**कानूनमा के छ त ?**

सुर्तीजन्य पदार्थ, नियन्त्रण र नियमन गर्ने ऐन २०६८ को दफा १० ले सुर्तीजन्य उद्योगले कुनै पनि प्रकारको विज्ञापन तथा प्रायोजन गर्न नपाउने व्यवस्था गरेको छ । सोही ऐन बमोजिम जारी भएको नियमावली २०६८ को नियम २३ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशका २०७१ जारी गरेको थियो । उक्त निर्देशकाको परिच्छेद ३ को दफा २० को उपदफा ६ मा सार्वजनिक निकायका पदाधिकारीले सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने लगायतका कुनै गतिविधि वा कार्यक्रममा सूर्ति उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्विकार गर्नु हुदैन भन्ने उल्लेख छ । साथै सोही परिच्छेदको दफा २२, संस्थागत समाजिक उत्तरदायित्व नाममा काम गर्न नपाइने शिर्षकको उपदफा १ मा सरकारी वा गैरसरकारी वा निजी क्षेत्रबाट संचालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्संग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राविधिक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउने छैन भन्ने स्पष्ट कानुनी व्यवस्था छ । यी तमाम कानुनी प्रावधान बिपरित सुर्य नेपालले सामाजिक उत्तरदायित्वको नाममा चलखेल गरिरहँदा र नजानिदों ढंगबाट आफनै विज्ञापन गरिरहँदा सरकार कहाँ छ? सरकारी संस्थाका सार्वजनिक व्यक्तिले यसरी चुरोट कम्पनीबाट सहयोग लिन कुन नैतिकताले दिन्छ ?
सुर्ती उद्योगहरुले कानुन विपरित समाजिक उत्तरदायित्वका नाममा गर्ने गरेका यस्ता चन्दाको धन्दा बन्द गराउन सबै लागेर कानूनको पालना गर्न र गराउन जरुरी छ । स्मरण रहोस, नेपालमा वर्षेनी सुर्तीजन्य पदार्थको सेवनकै कारण हुने रोगहरुबाट २७ हजार भन्दा बढी मानिसको मृत्यु हुने गरेको छ ।
**See more at:**
https://healthtvonline.com/health-news/2021/05/35902/?fbclid=IwAR2zMS6FznNTQ49Un2FmaSf6weLVJFlDx-sXK_SS4N37uMf4J5Uko4-eFsQ

- **Surya Nepal provides medical supplies worth Rs 6.5 million to three hospitals**
  
  11Shares
  ***NL Today*** – 15 May, 2021
  https://www.nepallivetoday.com/2021/05/15/surya-nepal-provides-medical-supplies-worth-rs-6-5-million-to-three-hospitals/?fbclid=IwAR2PsJYGh8JYTSpUeXsClHzZFC1I6Q7HRDMHw_ZIWtxGph9xuomoWtWjPtw

- **Surya Nepal provides medical supplies worth Rs. 6.5 million to three govt. Hospitals in Kathmandu**
  Published On: May 15, 2021 10:36 AM NPT By: Republica
  
  See more at:
  https://myrepublica-nagariknetwork-com.cdn.ampproject.org/v/s/myrepublica.nagariknetwork.com/amp/surya-nepal-provides-medical-supplies-worth-rs-6-5-million-to-three-govt-hospitals-in-kathmandu/?amp_js_v=a6&amp_gsa=1&usqp=mq331AQHKAFQArABIA%3D%3D&fbclid=IwAR1R39PWdOxfdPVZg6BsfX9TyBWRwMBi2qIKd6-YOfJdlMfRZuEtHB-TDMw#aoh=16212467305260&referrer=https%3A%2F%2Fwww.google.com&amp_tf=From%20%251%24s&ampshare=https%3A%2F%2Fmyrepublica.nagariknetwork.com%2Famp%2Fsurya-nepal-provides-medical-supplies-worth-rs-6-5-million-to-three-govt-hospitals-in-kathmandu%2Fnews.html.twig

# निरिक्षक तोक्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदले मिति २०७४/१०/१० गरको निर्णय

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

पचली, टेकु
काठमाडौं, नेपाल

प.सं. ०७४/७५
च.नं. १०४३

मिति : २०७४।१०।१०

विषय : निरीक्षक तोकिएको सम्बन्धमा

श्री जिल्ला जन/स्वास्थ्य कार्यालय,
७७ वटै
श्री गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका,
७५३ वटै ।

उपरोक्त सम्बन्धमा नेपाल सरकार,मन्त्री परिषदको मिति २०७४ १० १० को निर्णय अनुसार सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा १२ (१) बमोजिम सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न तपसिल बमोजिम निरीक्षक तोकिएको व्यहोरा कार्यार्थ अनुरोध गर्दछु ।

<u>तपसिल</u>

१. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै जिल्लाका प्रशासन कार्यालयका ७७ जना सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई निरीक्षक तोक्ने र कुनै जिल्लामा २ जना वा सो भन्दा बढी सहायक प्रमुख जिल्ला अधिकारी रहेको भए सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षक तोक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

२. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका ७५३ जना प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षक तोक्ने ।

२०७४/१०/१०

सुनिल राज शर्मा
निर्देशक